# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक

प.सं. ०७७/७८ बागमती प्रदेश, नेपाल
च.नं. ~~१०८९~~ १०८१

**न्यायिक समितिमा विवाद दर्ता गर्ने सम्बन्धी सूचना !!!**

मिति २०७७/११/०६

यस चौतारा साँगाचोकगढी नगरपालिकाको न्यायिक समितिमा कानुनी विवाद दर्ता गराउनु परेमा न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७४ को अनुसूची-१ को दफा ८ को उपदफा २ मा संलग्न ढाँचामा ऐन नियम सम्मत रितपुर्वक आफुले माग गरेको दावीको ऐन नियमहरु समेत खुलाई यस चौतारा साँगाचोकगढी नगरपालिकाको न्यायिक शाखामा तोकिएको ढाँचामा न्यायिक निरुपणका लागि विवाद दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पुनश्च :</u> इजाजत-पत्र प्राप्त कानूनी परामर्शकर्ताबाट अनिवार्य रुपमा फिराद पत्र (निवेदन) लेखि आउनुपर्नेछ ।

(फणिन्द्र प्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

फणिन्द्र प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

श्री चौतारा साँगाचोकगढी नगरपालिकामा पेश गरेको नालेश ........................ को नाति, .........................को छोरा/छोरी ............................को पति/पत्नी,...........................बस्ने वर्ष .......का.......................वादी (एक भन्दा बढी वादी भएको खण्डमा यसै बमोजिम सबैको नाम उल्लेख गर्ने)

**<u>विरूद्ध</u>**

.....को नाति, .........................को छोरा/छोरी.....को पति/पत्नी, .................बस्ने वर्ष ............. को ....................... प्रतिवादी (एक भन्दा बढी व्यक्ति उपर मुद्दा गर्नुपर्ने भएमा यसै बमोजिम सबैको नाम उल्लेख गर्ने)

**विवादको विषय :.......................................................।**

(१) म/हामी वादीहरूलाई माथि उल्लेख भए बमोजिमका विपक्षीहरूले अन्याय गर्नु भएको हुनाले उक्त विवादको विषय उपर मुद्दा हेर्न मिल्ने यस चौतारा साँगाचोकगढी नगरपालिकाको न्यायिक समिति समक्ष कानून बमोजिमको हदम्याद भित्र प्रस्तुत नालेश लिई आएकोछु/आएकाछौं । कानून बमोजिम लाग्ने दस्तुर रू.................यसै साथ संलग्न गरेको छु/गरेका छौं । विपक्षीहरूले गर्नुभएको अन्यायको व्यहोरा देहाय बमोजिमं रहेको छ ।

**(परेको अन्यायको व्यहोरा विस्तारमा खुलाई लेख्ने र चाहिएको उपचारको व्यहोरा समेत उल्लेख गर्ने र यस ऐन बमोजिम खुलाउनुपर्ने सबै व्यहोरा खुलाउने)**

(२) यो नालेश दर्ता गर्न कानून व्यवसायी राखेको छु/छैन ।

(३) विपक्षीहरू जनाको लागि प्रति व्यक्ति एकजनाको दरले नालेशको नक्कल प्रति............यसैसाथ संलग्न छ ।

(४) मेरो/हाम्रो दावीको प्रमाण देहाय बमोजिम रहेको छ : **(कुन विषयको कस्तो प्रमाण कहाँ रहेको छ सबै विस्तृतमा खुलाउने)**

(५) मेरो/हाम्रो देहाय बमोजिमका साक्षी बुझी पाउँ : **(सबै साक्षीको पूरा नामथर ठेगाना उमेर उल्लेख गर्ने)**

(६) यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

..............................................

**वादीको दस्तखत तथा सहीछाप**

**ईति सम्वत.......................साल.................महिना.............गते रोज........शुभम् ।**